आज मिति २०८२ साल पौष १४ गते सोमबार लिखु पिके गाउँपालिका, चौलाखर्क, सोलुखुम्बुका अध्यक्ष श्री मिना कार्की बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमको कार्यापालिका सदस्यहरुको उपस्थितिमा चालु आ.व. २०८२।८३ को नवौं गाउँ कार्यपालिकाको बैठकमा देहाय अनुसारका निर्णयहरु गरियो ।

तपसिल:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङ्वाङ ल्याक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङमार गेल्जे शेर्पा | १ नं.वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं.वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं.वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं.वडा अध्यक्ष | |
| ७ | श्री ङिमा छिरी लामा | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री सोम माया श्रेष्ठ | का.पा.सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | का.पा.सदस्य | |
| १० | श्री सविता वि.क. | का.पा.सदस्य | |
| ११ | श्री चित्र माया बराइली | का.पा.सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | का.पा.सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | का.पा.सदस्य | |
| १४ | श्री रमेश कुमार कार्की | सदस्य-सचिव | |

आमन्त्रित

राज कुमार खत्री – लेखा अधिकृत

प्रमिला कार्की - सुचना प्रविधि अधिकृत

CamScanner

प्रस्तावहरू

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा ।
२. नदीजन्य पदार्थ उत्खनन संकलन तथा निकासीका लागि EIA बमोजिम ठेक्का खोल्ने सम्बन्धमा ।
३. प्रदेश लोक सेवा आयोग कार्यालयमा कोठा मागको सम्बन्धमा ।
४. खेलकुद विकास समिति गठन सम्बन्धमा ।
५. पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।
६. हाइड्रोपावरको सामाजिक उत्तरदायित्व सम्बन्धमा ।
७. हाइड्रोपावरहरूलाई ~~[illegible]~~ IPO (स्थानिय शेयर को विषयमा छलफल को लागि समय माग सम्बन्धमा
८. हाटबजार संचालनका लागि प्रचार प्रसार सम्बन्धमा ।
९. ज्येष्ठ नागरिकहरूलाई न्यानो ज्याकेट वितरण सम्बन्धमा
१०. पाठ्यक्रम विकास समिति चयन सम्बन्धमा ।
११. मार्बु ओडारे खोला इनर्जी पावर प्रा.लि.लाई अध्ययन गर्न सर्वेक्षण अनुमती सम्बन्धमा ।

CS CamScanner

निर्णयहरु:

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ मङ्सिर २३ गते बसेको आठौं कार्यपालिका बैठक मार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए? र के कति भएन? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वय हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँपालिका भित्रको लिखु खोलाबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा निकासिको लागि EIA बमोजिम पुन दोस्रो पटक ठेक्का खोल्ने सर्वसम्मत निर्णय गरियो।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिका कार्यालय, वडा कार्यालय, तथा स्वास्थ्य संस्थामा स्वीकृत दरबन्दि भित्र रित्त रहेको चौथो तहको पदपुर्तिका लागि प्रदेश लोकसेवा आयोग कार्यालय कोशी प्रदेश विराटनगरमा आग आकृति फारम भरि माग गर्ने सर्वसम्मत निर्णय गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न खेलकुल कार्यक्रमहरु संचालन गर्नका लागि तपशिल बमोजिमको एघारौं (१३) सदस्यीय खेलकुद विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल

टिकाजंग खड्का — अध्यक्ष
उमेश कुमार खड्का — उपाध्यक्ष
लक्ष्मी बस्नेत — कोषाध्यक्ष
मणिराज बस्नेत — सदस्य
दिपेन्द्र कार्की — सदस्य
विशाल बस्नेत — सदस्य
गंगा बहादुर बस्नेत — सदस्य
सुनिता थापा — सदस्य
लोकेन्द्र बस्नेत — सदस्य
देविन बस्नेत — सदस्य
सम्झना थापा — सदस्य
गौरव खड्का — सदस्य
लछुमण विश्वकर्मा — सदस्य सचिव (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा आठौं कार्यपालिका बैठकको निर्णय नं. ३ बमोजिम लिखु पिके गाउँपालिकाको गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता चन्द्र ज्योती मा.विको प्राङ्गन भकाञ्जेमा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिका भित्र रहेको एम.बि. दुगर्ड हाइड्रोपावर सामाजिक उत्तर दायित्व बापतको विषयमा संङ्घर्ष समिति र जेन- जि संयोजकसँग ४ नं. वडा अध्यक्ष श्री हिक्मत बहादुर बस्नेतले आवश्यक समन्वय गरि उचित निकास निकाल्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रका एपोलो हाइड्रोपावर लिमिटेडद्धारा निर्मित बुकु खोला जलविद्युत आयोजना र भिजन इनर्जी एण्ड पावर लिमिटेडद्धारा संचालित नुप्चे लिखु जलविद्युत आयोजनाको स्थानिय शेयर(IPO)को विषयमा छलफलका गर्नका लागि काठमाण्डौंमा उपयुक्त समय उपलब्ध गराइदिनुहुन भनि निज हाइड्रोपावर कम्पनीहरुलाई पत्र पठाउने सर्वसम्मत निर्णय गरियो।

CS CamScanner

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा आठौं कार्यपालिका बैठकको निर्णय नं. २ बमोजिम हाट बजार संचालन प्रचार प्रसारका लागि रेडियोद्वारा सुचना प्रवाह गर्ने सर्वसम्मत निर्णय गरियो।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस गाउँपालिका भित्रका ज्येष्ठ नागरिक (७० वर्ष माथिकाहरूलाई एक थान न्यानो ज्याकेट वितरण गर्ने सर्वसम्मत निर्णयय गरियो।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत पाठ्यक्रम विकास समिति चयन गर्ने सर्वसम्मत निर्णय गरियो।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रका मार्बु ओडारे खोला इनर्जि पावर प्रा.ली लाई मार्बु जलविधुत आयोजना ९८० किलोवाटको आयोजनाको सम्भाव्यता अध्ययन गर्नका लागि सर्भेक्षण अनुमती पत्र दिने सर्वसम्मत निर्णय गरियो।

CamScanner